ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
समाचार

साउन १८, २०७७ | ग्रामीण विकास लघुवित्त समाचार | अगस्त २, २०२०

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाका कर्मचारीहरूको तर्फबाट कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा सहयोग रकम प्रदान

ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरूबाट सहयोग स्वरुप संकलन गरिएको रकम रु. ३४ लाख २३ हजार ६ सय ९८ रूपैयाँको चेक नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा जम्मा गरिएको छ ।

उक्त सहयोग रकम वापतको चेक माननिय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूलाई साउन १८ गते आइतवार अर्थमन्त्रालयमा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री चण्डीप्रसाद घिमिरे र प्रमुख कार्यकारी अधिकृत श्री पर्वत कुमार कार्कीले हस्तान्तरण गर्नुभयो ।



सो अवसरमा माननिय अर्थमन्त्रीज्यूले देशमा गरिबी न्यूनिकरण गर्ने अभियानमा कार्यरत ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाका कर्मचारीहरूले गरेको सहयोग प्रति धन्यवाद व्यक्त गर्नुहुँदै यस रकमलाई सरकारले ठुलो सहयोग मानेको र यसरी संकलन भएको रकम कोरोना संक्रमण तथा विपतमा परेका नागरिकहरूको उपचार र उद्धारका लागि नेपाल सरकारले पूर्णरुपमा सदुपयोग गर्ने बताउनु भयो । उक्त अवसरमा संस्थाका कम्पनी सचिव श्री दिपक प्रसाद पाण्डे, कर्जा व्यवस्थापन नीति तथा योजना विभागका प्रमुख श्री किरण काफ्ले, वित्त व्यवस्थापन विभागका प्रमुख श्री मोतिराज खनाल र संस्थामा क्रियाशील दुबै कर्मचारी युनियनका अध्यक्षहरुको समेत उपस्थिति रहेको थियो ।

संस्थाले यस पूर्व संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल सरकारले स्थापना गरेको उक्त कोषमा रु. ११ लाख र सबै सात प्रदेश सरकारहरूले स्थापना गरेको यस प्रकारको कोषमा प्रत्येक प्रदेशलाई समान रू. २ लाख ५० हजारले गरी कुल रकम रु. २८ लाख ५० हजार सहयोग रकम जम्मा गरेको थियो।